मिति: २०८२/१२/२४

माननीय श्री सोविता गौतमज्यू,
मन्त्री, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

**विषयः पारदर्शी प्रक्रियाद्धारा विश्वसनीय र सक्षम संक्रमणकालीन न्याय आयोग गठन गर्न तथा संक्रमणकालीन न्याय प्रक्रियालाई लैङ्गिकमैत्री एवं लैङ्गिक संवेदनशिल बनाउनु पर्ने सम्बन्धमा ।**

माननीय मन्त्रीज्यू,

नेपालको संक्रमणकालीन न्याय प्रक्रियालाई पीडित तथा लैंगिक मैत्री बनाइ यो प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउनु पर्छ भन्ने द्वन्द्व पीडितहरुको दुई दशक लामो समयदेखिको मागलाई विगतका सरकारहरुले पूर्णतः वेवास्ता गरेको परिप्रेक्ष्यमा हाल गठन भएको सरकारले यसको यथोचित संवोधन गरी पीडितको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्छ भन्ने कुरामा हामी सम्पूर्ण द्वन्द्व पीडितहरु आशावादी छौ । माननीय कानुन मन्त्रीज्यूले आफ्नो पदभार ग्रहण गरे लगतै २०८२ साल चैत्र १३ गते संचारकर्मीहरुसँग बोल्दा नेपालको संक्रमणकालीन न्याय प्रक्रियलाई टुंगो लगाउने कार्य आफ्नो प्राथमिकतामा रहेको भन्ने भनाइले हामी द्वन्द्व पीडितहरुमा न्याय पाउने आशाको पुनः संचार भएको छ । यो संक्रमणकालीन न्यायका लागि निर्णायक घडी हो । शान्ति सम्झौता भएको दुई दशक पुग्न लाग्दा पनि पीडितहरू न्यायको प्रतीक्षामा छन् र थप ढिलाइ अब स्वीकार्य छैन ।

पीडित तथा प्रभावितहरुको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्ने नाममा पीडित समुदायलाई उपेक्षा गर्दै पटक पटक दलीय भागवण्डाको आधारमा आयोगहरुमा नियुक्ति गर्ने कार्य भयो । तलव, भत्ता, सुविधा लगायतमा राज्यको अरवौ रुपैया खर्च भयो तर ती आयोगहरु पीडितलाई न्याय दिन पूर्णतः असफल रहे । पछिल्लो पटक पुनः पीडित समुदायसँगको परामर्श विना राजनीतिक दलहरुको सहमतिमा अपारदर्शी छनोट प्रक्रिया अपनाइ दलीय भागबण्डाको आधारमा संक्रमणकालीन न्याय संयन्त्रका पदाधिकारीहरुको नियुक्ति गरिएको प्रति आम पीडितहरुले निरन्तर विरोध जनाउँदै त्यस्तो राजनीतिक दल नियन्त्रित आयोगहरुको खारेजी गरी पारदर्शी प्रक्रिया अपनाइ स्वतन्त्र, सक्षम आयोगहरुको गठनको माग राख्दै आएको कुरा समेत अनुरोध गर्न चाहन्छौ । सोही माग गरी ६७ जिल्लाका ३३४ जना द्वन्द्व पीडितहरुले सर्वोच्च अदालत समक्ष रीट निवेदन दर्ता गरी सो रिट निवेदन हाल विचाराधीन रहेको कुरा जानकारी गराउन चाहन्छौ ।

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (सत्य आयोग ऐन) लाई अन्तर्राष्ट्रिय मापदण्ड तथा नेपालको सर्वोच्च अदालतबाट २०७१ सालमा जारी आदेश अनुकुल बनाउन उक्त आदेश जारी भएको करिव १० वर्ष पश्चात अर्थात २०८१/०५/१३ गते ऐनमा तेस्रो संशोधन गरिएको छ। यस संशोधनले सशस्त्र द्वन्द्वका पीडित तथा प्रभावितहरुको अधिकार सुनिश्चित गर्ने सम्बन्धमा पीडित लगायतका सरोकारवालाहरुले लामो समयदेखि उठाउदै आएका कतिपय मागहरुहरुलाई संवोधन गरिएको प्रति खुशी व्यक्त गर्दै कानुनमा राखिएका कतिपय व्यवस्थाले युद्ध अपराध र मानवता विरुद्धका अपराध जस्ता अन्तर्राष्ट्रिय अपराधमा समेत घुमाउरो तरिकाले माफी हुने व्यवस्था राखेकाले त्यसलाई र आयुक्तहरको नियुक्ति प्रक्रियालाई पारदर्शी बनाउन कतिपय व्यवस्था कानुनमा नै स्पष्ट रुपमा नराखेकाले त्यसमा संशोधन हुनु पर्ने हाम्रो माग रहेको कुरा पनि अनुरोध गर्न चाहन्छौं ।

त्यसैगरी ऐनको तेस्रो संशोधनमा कतिपय कुरा संशोधन भए पनि लैङ्गिक न्यायको दृष्टिकोणबाट सत्य आयोग ऐनमा अझै केही संशोधन तथा परिमार्जन गर्नु आवश्यक देखिएको छ। उदाहरणको लागि जवरजस्ती करणी तथा यौनजन्य हिंसाका घटनाको छुट उजुरी दर्ता गर्न तीन महिनाको समयावधी तोकिएको भएता पनि पीडितको मनोसामाजिक अवस्था, गोपनीयता तथा सुरक्षाको सुनिश्चितता लगायतको उचित व्यवस्थापन नभए सम्म पीडित न्यायको माग गर्दै अगाडी आउन नसक्ने भएकोले तोकिएको समयावधी पर्याप्त छैन। यसका अतिरिक्त द्वन्द्वले महिला, किशोरी र बालिकालगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरु माथि पारेको असरहरु पत्ता लगाई सोबारे लैङ्गिक दृष्टिकोणबाट अध्ययन, अनुसन्धान एवं विश्लेषण गरी पीडितहरुको न्याय, परिपूरण र जिविका तथा सुरक्षा लगायतका सवालहरूको संवोधन गर्ने उपयुक्त नीतिगत, कानूनी र संस्थागत सुधारका कार्यक्रमहरुको सम्बन्धमा सिफारिश गर्ने स्पष्ट कार्यादेश आयोगलाई प्रदान गरेको पाइदैन। साथै सशस्त्र द्वन्द्वबाट पीडित / प्रभावित महिला तथा बालबालिकाहरुको विशेष आवश्यकतालाई संवोधन गर्न विशेष परिपूरण नीति तथा कार्यक्रम निर्माण गर्नु पर्ने कुरा र त्यस्तो नीति तथा कार्यक्रम निर्माण गर्ने प्रक्रियामा पीडित/प्रभावितहरुको सहभागितालाई सुनिश्चित गर्न ऐनमा प्रष्ट व्यवस्था गरिएको छैन । तसर्थ सशस्त्र द्वन्द्वकालीन बलात्कार तथा यौनजन्य हिंसा पीडित तथा प्रभावितहरुको अधिकार सुनिश्चित गर्न सत्य आयोग ऐनमा थप परिमार्जन एवं संशोधन गर्न आवश्यक देखिएको छ।

हामी द्वन्द्व पीडित समुदाय विश्वसनीय र पीडित केन्द्रित संक्रमणकालीन न्याय प्रक्रिया शुरु गर्न, द्वन्द्व पीडितहरुको सत्य न्याय र परिपुरणको अधिकार सुनिश्चित गर्न तथ दण्डहीनताको अन्त्य गर्नका लागि नवनिर्वाचित संसद एवं भर्खरै गठन भएको सरकारको निम्न लिखित विषयहरुमा गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौः

क) दलीय भागबण्डाको आधारमा अपारदर्शी ढंगबाट गठन भएको अविश्वसनिय सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएको व्यक्तिको छानविन आयेग तत्काल विघटन गरी विश्वसनीय र पारदर्शी प्रक्रिया अवलम्वन गरी स्वतन्त्र, सक्षम, विश्वसनीय, जवाफदेही तथा पीडित केन्द्रीय आयोगहरु गठन गर्न,

ख) बेपत्ता पारिएका व्यक्तिको छानविन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ का त्रुटीपूर्ण प्रावधानहरु अन्तर्राष्टिय मापदण्ड तथा नेपालको सर्वोच्च अदालतको आदेश बमोजिम संशोधन गर्न,

ग) पीडित केन्द्रीत, लैंगिक मैत्री समावेश आयोग गठन तथा कार्यविधी निर्माण गर्न,

घ) पीडितहरुको तत्कालीन र दीर्घकालीन आवश्यकताको पहिचान गरी परिपुरण सम्बन्धी विस्तृत नीति तथा कार्यक्रम निर्माण गर्न,

लैङ्गिक तथा संक्रमणकालीन न्याय सञ्जाल (Gender and Transitional Justice Network) संक्रमणकालीन न्याय तथा लैङ्गिक न्यायका सवालमा लामो समयदेखि काम गरेका व्यक्ति, संगठन र प्रभावितहरु सहभागी भएको सञ्जाल रहेको व्यहोरा जानकारी गराउन चाहन्छौ । हामीले हालैको तेस्रो संशोधित सत्य आयोग ऐनमा भएको व्यवस्थालाई नियाल्दै त्यसमा सुधार गर्नुपर्ने केही महत्वपूर्ण मागहरु माननीय मन्त्रीज्यूको जानकारीको लागी यसै पत्र साथ संलग्न गरी पेश गरेका छौ । साथै यौनजन्य हिंसा तथा बलात्कार पीडित व्यक्तिहरुको सत्य, न्याय र परिपूरणीय अधिकार सुनिश्चित गर्न सत्य आयोगले सामना गर्न सक्ने केही व्यवहारिक चुनौती र त्यसलाई कसरी संवोधन गर्न सकिन्छ भन्ने विषयमा सञ्जालका सदस्यहरु तथा पीडित/प्रभावितहरुसँग समेत छलफल तथा परामर्श गरी यस सम्बन्धमा हाम्रो धारण प्रस्तुत गरेका छौ । यसले मन्त्रालय र भावी संक्रमणकालीन न्यायका संयन्त्रलाई मद्दत पुग्ने आशा लिएका छौ । यस विषयमा थप छलफलका लागि मन्त्रीज्यू र मन्त्रालयका सम्बन्धित पदाधिकारीहरुसँगको छलफल परामर्शको आशा राख्छौ ।

मन्त्रालय तथा सत्य आयोगले संक्रमणकालीन न्याय सम्बन्धी कानुन कार्यान्वयन गर्न बनाउनु पर्ने नीति नियमसँग सम्बन्धित निम्न विषयहरुमा हामीले गृह कार्य गरिरहेको विषयमा जानकारी गराउन चाहन्छौ :

क) द्वन्द्वकालीन यौनजन्य हिंसा तथा बलात्कारका घटनाहरुमा पीडित तथा प्रभावितहरुको विशेष परिपुरणीय आवश्यकताहरुसँग सम्बन्धित विषय,

ख) संक्रमणकालीन न्याय प्रक्रियामा पीडित केन्द्रित न्यायको विषय,

ग) द्वन्द्वकालीन यौनजन्य हिंसा तथा बलात्कारका पीडित तथा प्रभावितहरुलाई प्रदान गरिने परिचय पत्र सम्बन्धी विषय,

घ) द्वन्द्वकालीन यौनजन्य हिंसा तथा बलात्कारका घटनामा प्रमाणको मुल्यांकनसँग सम्बन्धित विषय, र

ङ) महिला शान्ति र सुरक्षासम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना र संक्रमणकालीन न्याय प्रक्रिया विचको सम्बन्ध सम्बन्धी विषय ।

बोधार्थः

१. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय

२. संघीय संसद सचिवालय

**लैङ्गिक तथा संक्रमणकालीन न्याय सञ्जालको तर्फबाट अभियानकर्तासंघ संस्थाहरुः**